# UNIVERSITY GRANTS COMMISSION
## NET BUREAU

**Code No. : 34**

## Subject : NEPALI

SYLLABUS AND SAMPLE QUESTIONS

**नोट :**

दोस्रो (पत्र—II) र तेस्रो (पत्र—III) पत्रका लागि बेग्ला-बेग्लै पाठ्यक्रम बनाइएको छ। दोस्रो पत्रमा 50 वटा वस्तुनिष्ठ उत्तरापेक्षी प्रश्न रहने छन् (बहुविकल्पी प्रश्न, जोड़ा मिलाउनुपर्ने प्रश्न, सत्यासत्य खुट्याउने प्रश्न, अनुक्रम निर्धारण गर्ने प्रश्न)। प्रत्येक प्रश्न दुइ-दुइ अङ्कका हुने छन्। तेस्रो पत्रको पाठ्यक्रमका दुइ खण्ड छन्—खण्ड-A र खण्ड-B। खण्ड-A मा दस अनुभाग छन्। यस खण्डका लागि 160 अंक निर्धारित छ। यसमा प्रत्येक अनुभागबाट एक-एकवटा गरेर दसवटा अन्तर्विकल्पी प्रश्न रहने छन्। प्रत्येक प्रश्नका उत्तर 300 (तीन सय) शब्दमा लेख्नुपर्ने छ। सबै प्रश्न 16 अंङ्कका हुने छन्। खण्ड-B का निम्ति पूर्णाङ्क 40 (चालीस) निर्धारित छ। यो विशेष अध्ययन पत्र हो। परीक्षार्थीले आफ्नो विशेष अध्ययनको विषयसित सम्बन्धित एक प्रश्नको उत्तर 800 (आठ सय) शब्दमा लेख्नुपर्ने छ। यो निर्विकल्प प्रश्न हुने छ।

### पत्र—II

यो पत्र वस्तुनिष्ठ प्रश्नोत्तर परिपाटीमा केन्द्रित रहने हुनाले यसमा निम्नलिखित प्रमुख अध्येतव्य विषयहरूका साथै नेपाली भाषा र साहित्यको उद्‌भव र प्रवृत्तिगत विकासको अद्यावधिक अध्ययन एवं विभिन्न संघ-संस्था र सावधिक पत्र-पत्रिकाहरूको योगदान, नेपाली भाषाको व्याकरणिक स्वरूप र विशेषता, यसको मानस्तरीकरण तथा आधुनिकीकरण प्रक्रिया आदि समग्र विषयको अध्ययन अपेक्षित छ।

**प्रमुख अध्येतव्य विषय :**

1. नेपाली भाषाको उद्‌भव र विकासको इतिहास।
2. नेपाली भाषाको व्याकरणिक स्वरूप र प्रकृति (नेपाली वर्ण-व्यवस्था, रूप-रचना, शब्दभण्डार, व्याकरणिक वर्ग र कोटिहरू तथा नेपाली वाक्य-रचना परिपाटी र प्रकार।
3. नेपाली व्याकरणको इतिहास।
4. नेपाली भाषाको मानस्तरीकरण र आधुनिकीकरण।
5. नेपाली साहित्यको उद्‌भव र विकासको पृष्ठभूमि।
6. नेपाली साहित्यका विविध विधागत विकासको पृष्ठभूमि, परम्परा र प्रवृत्तिहरूको सर्वेक्षणात्मक अध्ययन।
7. नेपाली भाषा र साहित्यका क्षेत्रमा प्रचलित र चर्चित विविध आन्दोलन, प्रयोग र वादहरू।

8. नेपाली भाषा-साहित्यको विकासमा योगदान दिने विभिन्न संघ-संस्था र सावधिक पत्र-पत्रिकाहरू।

9. अन्य भारतीय साहित्यसित नेपाली साहित्यको अन्तर्सम्बन्धको परिचय।

10. समकालीन नेपाली साहित्य र साहित्यकारहरू।

11. अनूदित नेपाली साहित्यको परम्परा र विकास।

12. नेपाली लोक-साहित्य र संस्कृति।

13. काव्य/साहित्यको अर्थ, परिभाषा, स्वरूप, प्रयोजन साहित्यका विविध विधा-उपविधा, तिनका संघटक तत्त्व, छन्द, अलंकार, रस, गुण, ध्वनि आदिका साथै पूर्वीय र पाश्चात्य साहित्यशास्त्रका विकासको ऐतिहासिक सर्वेक्षण।

## पत्र—III (A)

[ अन्तर्विकल्पी ]

**अनुभाग—I**

- भाषाको अर्थ, प्रकृति र संरचनात्मक स्वरूप।
- भाषाविज्ञानका प्रमुख शाखाहरूको परिचय।
- भाषाविज्ञानका विभाग—ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञान।
- भाषा-अध्ययनका पूर्वीय र पाश्चात्य परम्परा र पद्धतिहरू।
- आधुनिक ज्ञानानुशासनका रूपमा भाषाविज्ञानको उदय, प्रयोजन र महत्त्व।
- भाषा-भाषिका बोली र प्रयुक्ति।
- भाषाको वर्गीकरणका आधार र पद्धति—पारिवारिक र आकृतिमूलक वर्गीकरणको विशेष जानकारी अपेक्षित।
- ऐतिहासिक एवं तुलनात्मक भाषाविज्ञानको परिचय।
- लिपि र लिपिविज्ञान।

**अनुभाग—II**

- भारतीय आर्यभाषाका सन्दर्भमा भारोपेली भाषापरिवारको ऐतिहासिक परिचय।
- भारत-इरानेली भाषाको भौगोलिक स्थिति र स्वरूपगत विशेषताहरूको परिचय।
- प्राचीन भारतीय आर्यभाषाको ध्वनि व्यवस्था।
- वैदिक संस्कृतको भाषिक विशेषता।
- प्राचीन भारतीय आर्यभाषाका प्रमुख अध्येता र अनुसन्धाताहरू।
- मध्यकालीन आर्यभाषाहरूका विकासको ऐतिहासिक परिचय।
- पालिको अर्थ र पालि भाषाका परिचायक विशेषताहरू।
- विभिन्न प्राकृत र अपभ्रंशहरूको उद्‌भव र स्वरूपगत विशेषताहरू।
- मध्यकालीन भारतीय आर्य भाषाका प्रमुख अनुसन्धाता र अध्येताहरू।

**अनुभाग—III**

- आधुनिक आर्यभाषाहरूको उद्‌भवकाल।

- आधुनिक भारतीय आर्यभाषाहरूको परिचय।
- अन्य आधुनिक भारतीय भाषाहरूसित भारतीय आर्यभाषाहरूको पारस्परिक सम्बन्ध।
- आधुनिक भारतीय आर्यभाषामा प्रयोग गरिने विविध लिपिहरूको विकासको परिचय।

**अनुभाग—IV**

- आधुनिक भारतीय आर्यभाषाका रूपमा नेपाली भाषाका उद्भवको इतिहास।
- नेपाली भाषाका विविधनाम (खस, पर्वते, गोर्खा वा गोर्खाली, नेपाली)-हरूको आधार र औचित्य।
- खस जाति र भाषाको अवधारणा।
- अभिलेखकालीन नेपाली भाषाका स्वरूपगत विशेषता।
- नेपाली भाषाका विकासको पृष्ठभूमिमा भोट-हिमाली वर्गका र मुण्डा वर्गका भाषाहरूको भूमिका र महत्त्व।
- अरू आधुनिक भारतीय आर्यभाषा (हिन्दी, बंगला र असमिया विशेष)-सित नेपाली भाषाको अन्तः सम्बन्धको तुलनात्मक अध्ययन।
- ईस्वीको बीशौंशताब्दीपूर्वको नेपाली भाषाको स्वरूप र यसका विशेषताहरू।
- नेपाली भाषाको विकासमा अरूभाषाका प्रभावको समीक्षा।
- नेपाली भाषामा कारक, वचन र लिङ्ग व्यवस्था।
- नेपाली सर्वनाम र तिनका विविध रूप।
- नेपाली रूप विज्ञान।
- भारतमा नेपाली भाषाको अध्ययन-अध्यापन परम्परा।

**अनुभाग—V**

- साहित्येतिहासको अर्थ, परिभाषा र प्रयोजन।
- सामान्य इतिहास र साहित्येतिहास माझ भेद-साम्य निरूपण।
- साहित्येतिहास र साहित्यालोचन माझ भेद-साम्य निरूपण।
- साहित्येतिहास-लेखनका विविध सिद्धान्त र पद्धति।
- साहित्येतिहासको काल विभाजनका आधार र प्रयोजन।
- साहित्यका विविध विधा-उपविधाहरूका स्वरूपगत विशेषता र तिनको क्रमिक विकासको अध्ययन।
- नेपाली साहित्यका इतिहासको काल विभाजन।
- नेपाली साहित्येतिहासलेखनको परम्परा एवं विकास।
- नेपाली साहित्यमा प्रचलित वाद र आन्दोलनहरू।

**अनुभाग—VI**

- नेपाली कविताको विकासको ऐतिहासिक पृष्ठभूमि।
- नेपाली निबन्धको विकासको ऐतिहासिक पृष्ठभूमि।
- साहित्य-विधाका रूपमा कविता र निबन्धका संघटक तत्त्व र अभिलक्षण।
- नेपाली कविताको उद्भव र विकासको कालक्रमिक अध्ययन।

- मोतीराम भट्टपूर्वको नेपाली कविताको स्वरूप र प्रवृत्तिगत अध्ययन।
- शृंगारकालीन नेपाली कविताका विविध रूप, शैली र प्रवृत्तिहरूको अध्ययन।
- नीतिकालीन नेपाली कविता।
- स्वच्छन्दतावादी नेपाली काव्यधारा।
- आधुनिक नेपाली कविताको स्वरूप, शैली एवं प्रवृत्तिगत विशेषता र अभिप्राप्ति को अद्यावधिक अध्ययन।
- नेपाली कवितामा प्रचलित छन्द र अलंकार।
- नेपाली निबन्ध को उद्भव र विकास।
- नेपाली निबन्धका विविध रूप, शैली र प्रवृत्ति।
- नेपाली निबन्धका विशेषता र प्राप्तिहरूको अद्यावधिक अध्ययन।

**अनुभाग—VII**

- साहित्य-विधाका रूपमा गद्याख्यान (कथा-उपन्यास) र नाटकका संघटक तत्त्व र अभिलक्षण।
- नेपाली गद्याख्यानको उद्भव र विधागत विकासको अद्यावधिक अध्ययन।
- आधुनिककालपूर्वका गद्याख्यानका स्वरूप, शैली र प्रवृत्तिहरू।
- आधुनिक नेपाली गद्याख्यानका विविध रूप, शैली र प्रवृत्तिहरू।
- नेपाली नाटकको उद्भव र विधागत विकासको अद्यावधिक अध्ययन।
- आधुनिककालपूर्वको नेपाली नाट्य-साहित्यको स्वरूप, शैली र प्रवृत्ति।
- आधुनिक नेपाली नाटकको स्वरूप, शैली र प्रवृत्ति।
- नाटक र रंगमंच।
- नेपाली नाटकको रंगमंचीय परम्परा र त्यसको मूल्य।
- नाटक र गद्याख्यान माझ भेद-साम्य निरूपण।

**अनुभाग—VIII**

- काव्य, काव्यहेतु, काव्यप्रयोजन, काव्यभेद।
- शब्दशक्ति, काव्यगुण, काव्यदोष, लय, छन्द, अलंकार, प्रतीक, बिम्ब।
- रस—अर्थ, परिभाषा, स्वरूप, रस-सिद्धान्तको विकास, रसका भेद, रस-दोष।
- ध्वनि—अर्थ, परिभाषा, स्वरूप, ध्वनि-सिद्धान्तको विकास, ध्वनिविरोधी मत र तिनको निराकरण, ध्वनिका भेद।
- रीति—अर्थ, परिभाषा, भेद।
- वक्रोक्ति—अर्थ, परिभाषा, भेद।
- औचित्य—अर्थ, परिभाषा, भेद।
- नेपाली साहित्यालोचनको पृष्ठभूमि र विकास।
- नेपाली साहित्यालोचनका सैद्धान्तिक आधार।
- नेपाली साहित्यालोचनका विविध पद्धति।

**अनुभाग—IX**

- पाश्चात्य साहित्यशास्त्रको क्रमिक विकासको ऐतिहासिक परिचय।
- साहित्यको अर्थ, परिभाषा, स्वरूप र यसका विविध विधा-उपविधाहरू।
- एरिस्टोटलको 'काव्यशास्त्र' र शास्त्रीय समालोचनाको विकास।
- स्वच्छन्दतावादी साहित्यालोचन।
- टि० एस० इलियटका समालोचना सिद्धान्त।
- बेनेदित्तो क्रोचेको अभिव्यंजनावाद।
- अमेरिकेली नवआलोचना।
- रसियाली रूपवाद।
- शैलीविज्ञान।
- संरचनावाद।
- ऐतिहासिक समालोचना।
- मनोविश्लेषणात्मक समालोचना।
- जीवनीपरक समालोचना।
- समाजशास्त्रीय समालोचना।

**अनुभाग—X**

- लोक-साहित्यको अर्थ, परिभाषा र स्वरूप।
- लोक-साहित्यका भेद—लोककथा, लोककाव्य, लोकनाट्य, उखान-टुक्का।
- नेपाली लोक-साहित्यको परम्परा र पृष्ठभूमि।
- नेपाली लोक-कथा।
- नेपाली लोक-काव्य।
- नेपाली लोक-नाट्य।
- नेपाली लोक-लय र छन्द।
- नेपाली उखान-टुक्का र गाउँखाने कथा।
- नेपाली लोक-साहित्यको अध्ययन परम्परा।

**पत्र—III (B)**

[ निर्विकल्प ]

**निर्विकल्प—I : नेपाली महाकाव्य र खण्डकाव्य**

- महाकाव्यको सैद्धान्तिक स्वरूप।
- नेपाली महाकाव्यको पृष्ठभूमि र परम्परा।
- नेपाली महाकविहरू र तिनका महाकाव्यको परिचय।

- निम्नलिखित महाकाव्यहरूको विशद अध्ययन :

  शाकुन्तल, सुलोचना, महाराणा प्रताप, प्रमिथस, पृथ्वीराज चौहान, आदर्शराघव, आमा।

  खण्डकाव्यको सैद्धान्तिक स्वरूप।

  नेपाली खण्डकाव्यको पृष्ठभूमि र परम्परा।

- निम्नलिखित खण्डकाव्यहरूको विशद अध्ययन :

  पिकदूत, ऋतुविचार, मुनामदन, आगो र पानी, गौरी, युद्ध र योद्धा।

**निर्विकल्प—II : आधुनिक नेपाली गद्याख्यान**

- गद्याख्यानमा आधुनिकताको अवधारणा।
- आधुनिक नेपाली गद्याख्यानका प्रमुख प्रवृत्ति र परिपाटी।
- निम्नलिखित लेखकहरूका आख्यानात्मक कृतिहरूको विशद अध्ययन :

  रूपनारायण सिंह, लैनसिंह बाङ्देल, विश्वेश्वरप्रसाद कोइराला, शिवकुमार राई, विजय मल्ल, इन्द्रबहादुर राई, इन्द्र सुन्दास, लील बहादुर क्षत्री, पारिजात, ध्रुवचन्द्र गौतम।

**निर्विकल्प—III : नेपाली नाटक**

- नाटकको सैद्धान्तिक स्वरूप।
- नेपाली नाटकको विकास, पृष्ठभूमि र परम्परा।
- निम्नलिखित नाटककारहरूका नाट्यकृतिको विशद अध्ययन :

  मोतीराम भट्ट, पहलमानसिंह स्वाँर, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, भीमनिधि तिवारी, गोविन्दबहादुर मल्ल, विजय मल्ल, मनबहादुर मुखिया।

**निर्विकल्प—IV : भाषा अध्ययनका प्रमुख सम्प्रदाय र प्रायोगिक भाषाविज्ञान**

- भाषा अध्ययनका प्रमुख सम्प्रदाय :

  पाणिनि सम्प्रदाय, जेनेवा सम्प्रदाय, प्राग् सम्प्रदाय, लन्दन सम्प्रदाय तथा अमेरिकेली सम्प्रदाय।

- प्रायोगिक भाषाविज्ञान :

  समाजभाषाविज्ञान

  मनोभाषाविज्ञान

  भाषिकाविज्ञान

  शैलीविज्ञान

  कोशविज्ञान

  अनुवादविज्ञान।

## नमूनार्थ प्रश्न

### पत्र—II

**1.** समूह—क का कुन-कुन स्थायी भाव समूह—ख का कुन-कुन रससित सम्बन्धित छन्?

| समूह—क | | समूह—ख | |
|---|---|---|---|
| 1. | उत्साह | अ. | वीभत्स |
| 2. | जुगुप्सा | आ. | भयानक |
| 3. | भय | इ. | रौद्र |
| 4. | क्रोध | ई. | वीर |

(A) 1—आ, 2—ई, 3—अ, 4—इ

(B) 1—इ, 2—ई, 3—अ, 4—आ

(C) 1—इ, 2—अ, 3—ई, 4—आ

(D) 1—ई, 2—अ, 3—आ, 4—इ

**2.** मालिनी छन्दको लक्षण कुन हो?

(A) न भ भ र

(B) न न म य य

(C) म भ न य य

(D) र न भ ऽ ऽ

**3.** कुनचाहिं कथन सत्य हो?

(A) सोमनाथ सिग्द्याल प्रथम नेपाली उपन्यासकार हुन्।

(B) लक्ष्मीप्रसाद देवकोटा प्रथम नेपाली महाकवि हुन्।

(C) लेखनाथ पौड्यालले प्रथम नेपाली महाकाव्य लेखे।

(D) पहिलो नेपाली महाकाव्य बालकृष्ण समले लेखे।

### पत्र—III (A)

**1.** अच्छा राई रसिकको कथाकारिता।

**अथवा**

### पत्र—III (B)

**11.** अगमसिंह गिरीको काव्यसाधनामा स्वजातीय-चेतनाको भूमिका।

**अथवा**

क्रोचे र अभिनव गुप्तको अभिव्यञ्जनावाद।

★ ★ ★